**भेरीगंगा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# सडक मर्मत संभार तथा खानेपानी ट्यांकी निर्माण गर्ने कार्यको सिलबन्दी दरभाउपत्र /राष्ट्रियस्तरको खुल्ला बोलपत्र आव्हान सम्बन्धी सूचना

**सूचना नं.:– एस.क्यू./एन.सि.बी.- ०१/०७५/०७६**
**प्रथम पटक प्रकाशित मितिः २०७५।१०।१०**

यस नगरकार्यपालिकाको मिति २०७५।०७।२८ को प्रतिबद्धता पत्र र सडक बोर्ड नेपालको मिति २०७५।०९।१३ सहमति पत्र अनुसार यस भेरीगंगा नगरपालिकाको स्वामित्वमा रहेको स्थानीय सडकहरु मध्ये सडक बोर्ड नेपालको मर्मत संभार सम्बन्धी निर्देशिका बमोजिम छनौट तथा स्वीकृत भएका तपसिलमा उल्लेखित सडकहरुको मर्मत संभार सम्बन्धित कार्य र आ.व ०७५/०७६ मा नगरपालिकाबाट संचालन हुने अन्य तपसिलमा उल्लेखित निर्माण सम्बन्धित कार्य सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्रबाट गर्नुपर्ने भएकोले इजाजत प्राप्त र इच्छुक निर्माण व्यवसायी, फर्म वा कम्पनीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रित्तपूर्वकको **सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्र** पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सिलबन्दी दरभाउपत्र/बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायी, फर्म वा कम्पनीहरुले प्रथम पटक सुचना प्रकाशित भएको मितिले **सिलबन्दी दरभाउपत्रको हकमा १५ (प्रन्ध) औं दिनसम्म कार्यालय समय भित्र र बोलपत्रको हकमा ३० (तिस) औं दिनसम्म कार्यालय समय भित्र** चालु आ.व.का लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर दर्त्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र एवं आ.व. ०७४/७५ को करचुक्ता प्रमाण पत्र (प्राप्त नभएको भए विवरण पेश गरेको प्रमाणित कागजात) को प्रमाणित प्रतिलिपिहरु (नोटरी पब्लिक) संलग्न राखि लिखित निबेदन पेश गरी **सिलबन्दी दरभाउपत्रको हकमा रु. १०००।०० (एक हजार** पछि फिर्ता नहुने गरि) **र बोलपत्रको हकमा रु.३०००।०० (तिन हजार** पछि फिर्ता नहुन ) मात्र यस कार्यालयको **कृषि विकास बैंक, छिन्चु शाखा,सुर्खेतमा रहेको खाता नं. : ०७२१००११४६०३७०१९ मा** जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयको राजस्व शाखामा नगद बझाएको नगदी रसिद बुझाई यस नगरपालिका कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको सिलबन्दी दरभाउपत्र/बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१६ (सोह्र) औं दिन** र **३१ (एक्तिस) औं दिनको १२:०० बजेभित्र** सिलबन्दी दरभाउपत्र/बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी यस कार्यालको नाममा सम्बोधन गरी दरभाउपत्र तथा बोलपत्र पेश गर्नेको नाम, ठेगाना र फोन/मोवाइल नं. स्पष्ट उल्लेख गरी सहि छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस कार्यालयमा तोकिएको समयभित्र दर्ता गराई सक्नुपर्नेछ । सो सिलबदी दरभाउपत्र र बोलपत्र दर्ता गर्ने अन्तिम दिनको **१:०० बजे** सिलबन्दी दरभाउपत्रदाता/बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहबरमा खोलिने छ । तर सिलबन्दी दरभाउपत्रदाता/बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र/बोलपत्र खोल्नमा बाधा पर्ने छैन

३. सिलबन्दी दरभाउपत्र/बोलपत्र खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिख कारबाहीमा आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमाल कुनै सजाय

प्रमुख प्रशासकीय अधिकृत

नपाएको भनि लिखित घोषण गरेको कागजात सिलबन्दी दरभाउपत्र/बोलपत्र फारामसाथ पेश गर्नुपर्ने छ ।

४. सिलबन्दी दरभाउपत्र/बोलपत्र साथ जमानत/धरौटी वापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम तपशिल बमोजिमको बैंकमा जम्मा/दाखिला गरेको **सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक** ( बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंकहरु) बाट यस कार्यालयको नाममा जारी गरिएको सिलबन्दी दरभाउपत्र/बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी **सिलबन्दी दरभाउपत्र/बोलपत्रको मान्य अवधिभन्दा कम्तीमा ३० (तीस) दिन बढी म्याद** (अर्थात् दरभाउपत्रको हकमा ७५ दिन अवधि र बोलपत्रको हकमा १२० दिन अवधि) रहेको/भएको **सक्कल बिडबँण्ड** संलग्न गरी पेश गर्नुपर्ने छ ।

**बैंकको नाम : कृषि विकास बैंक, छिन्चु शाखा, सुर्खेत**

**कार्यालयको कोड नं : ६४-३६५-१०**

**खाता नं : ०७२१००११४६०३७०४३**

**कार्यालयको नाम : भेरीगंगा नगरपालिकाको कार्यालय,सुर्खेत**

५. सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्र **खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा** पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र/बोलपत्र तथा दरभाउपत्र/बोलपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

६. सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्रमा **BoQ** भर्दा कवोल रकम **अक्षर र अंकमा** स्पष्ट उल्लेख गर्नु पर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा **अक्षरलाई** मान्यता दिइने छ ।

७. एक फर्मको नामबाट खरिद गरिएको सिलबन्दी दरभाउपत्र/बोलपत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन । साथै प्रत्येक ठेक्का नं. को फरक फरक टेण्डर डकुमेन्ट खरिद गरी पेश गर्नु पर्नेछ ।

८. कार्यालयको छाप **लागेको र अधिकार प्राप्त व्यक्तिको सहि भएको सक्कलै** सिलबन्दी दरभाउपत्र/बोलपत्र बाहेक अन्य दरभाउपत्र/बोलपत्र लाई मान्यता दिईने छैन ।

९. सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्रमा **कुनै त्रुटी हुन गएमा त्रुटी सुधार तथा संशोधन गर्ने अधिकार** यस कार्यालयमा निहित रहने छ ।

१०. **कुनै वा सबै** सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्र, पुरै वा आंशिक रूपमा **स्वीकार गर्ने वा अस्वीकार** गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

११. सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्र दाताले राष्ट्रियस्तरको खुल्ला बोलपत्रमा **मूल्य अभिबृद्धी कर बाहेकको दररेट** उल्लेख गर्नु पर्ने छ ।

१२. सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्र दर्ता गर्ने फर्महरुले कामको स्थल र कामको विवरण र वोलपत्र फारामका ठेक्काका शर्तहरु सम्बन्धमा राम्रो सँग पढी बुझि राष्ट्रियस्तरको खुल्ला बोलपत्र भरेको मानिने छ ।

१३. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश गरेको सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१४. सिलबन्दी दरभाउपत्र/राष्ट्रियस्तरको खुल्ला बोलपत्र सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजजिक खरिद ऐन २०६३ (पहिलो संसोधन सहित), सार्वजनिक खरिद नियमावली २०६४ (पाँचौ संसोधन सहित) तथा नेपालको संघिय र कर्णाली प्रदेश सरकारका अन्य ऐन, नियम, कार्याविधिहरु बमोजिम हुनेछन् ।

१५. Pre Bid बैठक यो सूचना प्रथम पटक प्रकाशित मितिले **दरभाउपत्रको हकमा १० (दशौं) औं दिन** र **बोलपत्रको हकमा १९ (उन्नाइस) औं दिनको १:०० बजे** भेरीगंगा नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन विदा परेमा बैठक सो पछिको कार्यालय खुल्ने पहिलो दिनको माथिकै समय र स्थानमा हुनेछ ।

१६. ठेक्का सम्बन्धी विस्तृत जानकारी टेण्डर डकुमेन्टमा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न र अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र बुझ्न सकिनेछ

प्रमुख प्रशासकीय अधिकृत

## तपसिल ठेक्का विवरण र सूची

| सि. नं | ठेक्का नं. | योजनको नाम | कामको विवरण | ल.ई. रकम (मु.अ. कर, कन्टीजेन्सी र अन्य शूल्क बाहेक) | बैक जमानत/ धरौटी रकम रु. | दरभाउपत्र/ बोलपत्र दस्तुर रकम रु. | फाराम खरिद गर्ने अन्तिम मिति, समय र स्थान | दाखिला गर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | BGM/ SKT/KP/PoW-SQ/RBN-RM-01-075/076 | मदानीचौर चक्रपथ सडक मर्मत संभार सम्बन्धी ठेक्का | पक्की नाली, रि-ग्राभेलिङ (रोलिङ सहित) आदि कार्य | ९६३०३०।५०८५ | २७,५००।०० | १०००।० | २०७५/१०/२४ कार्यालय समयभित्र | २०७५/१०/२५ गते दिनको १२:०० बजेभित्र | दरभाउपत्र |
| २. | BGM/ SKT/KP/PoW-SQ/RBN-RM-02-075/076 | मुलसडक चौखे नक्कले सडक मर्मत संभार सम्बन्धी ठेक्का | कच्ची नाली, रि-ग्राभेलिङ( रोलिङ सहित), ह्युम पाइप, आदि कार्य | ५,२३,२५३।३८९८ | १५,०००।०० | १०००।० | २०७५/१०/२४ कार्यालय समयभित्र | २०७५/१०/२५ गते दिनको १२:०० बजेभित्र | दरभाउपत्र |
| ३. | BGM/ SKT/KP/PoW-SQ/RBN-RM-03-075/076 | पिपलचौतारी देउती विद्या छिन्चुखोला सडक मर्मत संभार सम्बन्धी ठेक्का | कच्ची नाली, स्टोन सोलिङ, ग्रेड मिलाउने आदि कार्य | ३,१०,९२७।९६६१ | ९,०००।०० | १०००।० | २०७५/१०/२४ कार्यालय समयभित्र | २०७५/१०/२५ गते दिनको १२:०० बजेभित्र | दरभाउपत्र |
| ४. | BGM/ SKT/KP/PoW-SQ/RBN-RM-04-075/076 | गणेशपुर पक्कीपुल डुङ्गीखोला सडक मर्मत संभार सम्बन्धी ठेक्का | पहिरो हटाउने, ग्रेड र मोड मिलाउने, स्टोन सोलिङ आदि कार्य | ११,५५,०७६।२७१ | ३३,०००।०० | १०००।० | २०७५/१०/२४ कार्यालय समयभित्र | २०७५/१०/२५ गते दिनको १२:०० बजेभित्र | दरभाउपत्र |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | BGM/ SKT/KP/PoW-SQ/RBN-RM-05-075/076 | तोलीपुल ठूलाखाल सडक मर्मत संभार सम्बन्धी ठेक्का | ग्रेड मिलाउने, रि-ग्राभेलिङ( रोलिङ सहित), ग्याविन वाल, आदि कार्य | ३,४१,३७२।८८१४ | १०,०००।०० | १०००।० | २०७५/१०/२४ कार्यालय समयभित्र | २०७५/१०/२५ गते दिनको १२:०० बजेभित्र | दरभाउपत्र |
| ६. | BGM/ SKT/KP/PoW-SQ/RBN-RM-06-075/076 | ठूलोजात्री चक्रपथ सडक मर्मत संभार सम्बन्धी ठेक्का | पक्की नाली, रि-ग्राभेलिङ ( रोलिङ सहित) आदि कार्य | ३,३८,८३८।९८३१ | १०,०००।०० | १०००।० | २०७५/१०/२४ कार्यालय समयभित्र | २०७५/१०/२५ गते दिनको १२:०० बजेभित्र | दरभाउपत्र |
| ७. | BGM/ SKT/KP/PoW-NCB/ WS-01-075/076 | आँपधारा लिप्ट खानेपानी ट्याङ्की निर्माण | आर.सि.सि.स्टोरेज १५० घ.मी. ट्याङ्की निर्माण | २५,४७,४३२।७६ | ७२,००००।०० | ३०००।०० | २०७५/११/१० कार्यालय समयभित्र | २०७५/११/११ गते दिनको १२:०० बजेभित्र | बोलपत्र |

**कृष्ण प्रसाद खरेल**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत